# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति: २०८२।१२।२१

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहाललाई पितृशोक परेको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको छ । उहाँका पूजनीय पिता केदारनाथ दाहालको ९५ वर्षको उमेरमा चैत्र २० गते शुक्रबार निधन भएको हो ।

स्वर्गीय केदारनाथ शिक्षा तथा समाजसेवीका रुपमा समाजमा परिचित हुनुहुन्थ्यो । यस दौरान उहाँले सिन्धुपाल्चोकको तत्कालीन शिखरपुर गाउँपञ्चायतको १४ वर्ष उपप्रधानपञ्च रही काम गर्नुभएको थियो भने मेलम्ची नगरपालिका-१० मा श्री शीतलादेवी माविको स्थापना गर्नुभएको थियो ।

महासंघ स्वर्गीय पिताप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ पूर्वअध्यक्ष तथा वरिष्ठ पत्रकार दाहालहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org